नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(..........................................................)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:- ०७९/८०
चलनी नं. चलानी नं. : १३२२

मिति: २०८०/०२/१०

**सुपर सभा खोला ज.वि.आ. को विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।**

श्री संखुवासभा पावर डेभलपमेन्ट प्रा.लि.,
मध्य बानेश्वर, काठमाडौं, नेपाल ।
फोन न. ९८४२६१६५१३. ।

प्रस्तुत विषयमा तहाँबाट सभाखोलामा प्रस्तावित पेल्मा खोला जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको माग गरि पेश भएको दरखास्त माथि कारबाही हुँदा तपसिल बमोजिमका नपुग कागजात/प्रतिवेदनहरू पन्ध्र (१५) दिनको समयावधि भित्र पेश गर्नुहुन मिति २०८०/०२/०५ गतेको विभागीय निर्णयानुसार जानकारी गराइन्छ ।

<u>तपसिल (माग गरिएका नपुग प्रतिवेदनहरू/कारणहरू):</u>

१. आयोजनाको desk study report (परामर्शदाताबाट प्रमाणित)
२. प्रवर्द्धकको कर चुक्ता तथा कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिएको कम्पनी अद्यावधिक गरिएको व्यहोराको पत्रको प्रमाणित प्रति ।
३. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ को दफा ८ बमोजिम हुने गरि प्रबर्द्धकको आर्थिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजातहरुको विवरण(चार्टर्ड एकाउन्टेन्टबाट जारी गरिएको सक्कल वा प्रमाणित नेटवर्थ प्रमाणपत्र) तथा चार्टर्ड एकाउन्टेन्टको संस्था दर्ता प्रमाणपत्र एवम् नविकरण भएको निस्साको प्रमाणित प्रतिलिपि । (शेयरहोल्डरहरुको नभई प्रबर्द्धक कम्पनीको पेश गर्नुपर्ने)
४. आयोजनाको अनुमतिपत्र सम्बन्धि निर्देशिका, २०७५ को दफा ९ बमोजिम हुने गरि प्रवर्द्धकको प्राविधिक क्षमता वा हैसियत पुष्टी हुने प्रमाणित कागजातहरुको विवरण ।
५. नापी विभागबाट प्रकाशित सक्कल टोपो नक्सामा रेखांकन गरिएको आयोजनाको जलाधार क्षेत्र तथा प्रमुख संरचनाहरु देखिने गरि आयोजनाको अक्षांश तथा देशान्तर सहितको project layout देखिने टोपो नक्सा ।
६. परामर्शदाता संस्थाको कम्पनी दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र, प्रबन्धपत्र, नियमावली, कर चुक्ता प्रमाणपत्र तथा कम्पनी रजिस्ट्रारको कार्यालयबाट जारी गरिएको कम्पनी अद्यावधिक गरिएको व्यहोराको पत्रको प्रमाणित प्रति ।
७. अख्तियारिनामा सम्बन्धमा संचालक समितिको निर्णय, अख्तियारिनामा पत्र तथा अख्तियारवालाको स्पष्ठ ठेगाना, सम्पर्क टेलिफोन नम्बर, मोबाइल नम्बर, फ्याक्स नम्बर, इमेल तथा नागरिकता/ पासपोर्ट प्रमाणपत्रको फोटोकपी प्रति ।
८. प्रबर्द्धक र परामर्शदाता संस्था बिचमा भएको सम्झौताको प्रति ।

(रवि नेपाल)
इन्जिनियर